# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ११ अंक ५ मासिक वैशाख/जेठ May, 2008


- *सुदूरपश्चिममा खाद्यसङ्कट*
  अझै ब्युँझिएन काठमाडौं — ✍ यमकला पाण्डेय
- *'भूकम्प प्रतिरोध सहर' बन्दैछ धरान*
  आफू पनि बाँचौं अरूलाई पनि बचाऔं — ✍ निलिफा सुब्बा
- *कमाइको आशमा दुःखैदुःख*
  *परदेशमा पनि महिलाकै विजोग* — ✍ तिला भण्डारी
- *महिला सभासद्का सामूहिक एजेण्डा*
  अधिकारको सङ्घर्ष जारी — ✍ नितु पण्डित
- *अदालतबाटै न्याय पाउँदैनन् महिला*
  कानुन र समाज दुवै असहयोगी — ✍ लोग्शरी कुँवर
- *सुकुम्बासीले जोडे जग्गा*
  सहकारीले ल्यायो परिवर्तन — ✍ सुमित्रा अञ्जान राई
- फेरिनुपर्छ अबका खेलौना
  विभेदको सानो नमुना — ✍ शान्तिबन्दना पौडेल




सञ्चारिका समूह/नेपाल

# सुदूरपश्चिममा खाद्यसङ्कट

*सधैंजसो खाद्यान्न सङ्कट झेल्दै आएको सुदूरपश्चिमको पहाडी क्षेत्र अहिले पनि भोकमरीको चपेटामा छ । तर, जनता भोकभोकै मर्ने अवस्थामा पुग्न लाग्दा पनि काठमाडौं-केन्द्रित राज्यसत्ता यस मामिलामा गम्भीर छैन ।*

✍ **यमकला पाण्डेय**

**महेन्द्रनगर**/ संयुक्त राष्ट्रसङ्घले विश्वमा खाद्यान्न सञ्चिति घटेको भन्दै सन् २००८ लाई खाद्यान्न सङ्कट वर्ष घोषणा गरेको छ। थाइल्यान्डजस्तो विकसित देशका प्रधानमन्त्रीले आफ्ना नागरिकलाई भात कम खान आग्रह गरेका छन् । तर, नेपालजस्तो खाद्यान्न आयात गरी आवश्यकता धान्दै आएको देशले खाद्य सङ्कटबाट जोगिन अहिलेसम्म कुनै उपाय खोजी गरेको देखिँदैन । उल्टो यहाँबाट अन्य देशमा भइरहेको खाद्यान्नको निर्यात यथावत् छ, खाद्यसङ्कटसँग जुध्ने कुनै योजना पनि राज्यले ल्याएको छैन ।

गएको वर्षमात्रै छिमेकी मुलुक भारतबाट वैधानिक रूपमा एक लाख ८० हजार मेट्रिक टन खाद्यान्न नेपाल भित्रिएको थियो । अवैध रूपमा भित्रिने खाद्यान्नको कुनै लेखाजोखा छैन । यस वर्ष भारतले खाद्यान्न निर्यातमा रोक लगाइसकेको छ । तर, भारतीय बजारमा गहुँको मूल्य नेपाली बजारमा भन्दा कम भएपनि उल्टो यहाँको अन्न भारत गइरहेको छ । सुदूरपश्चिमका खुला सीमाबाट नेपाली खाद्यान्न धमाधम भारतीय बजारमा निर्यात भइरहेको छ ।

छिमेकी मुलुक भारतले खाद्य निर्यात रोकेर आफ्ना नागरिकको खाद्य सुरक्षाको योजनामा जुटेका बेला नेपालमा भने नागरिकलाई खाद्यसङ्कटबाट जोगाउन कुनै प्रभावकारी उपाय खोजिएको छैन । वर्षेनी खाद्यान्न अभाव खेप्दै आएका सुदूरपश्चिमका पहाडी जिल्लामा यसको असर पर्न सक्ने सङ्केत अहिल्यै देख्न थालिएको छ । भारतले खाद्यवस्तुको निर्यातमा लगाएको प्रतिबन्धले बैतडीका पञ्चेश्वर, सर्माली, आमचारा, कुलाउ, महाली रोडीदेवल गाविसमा ०६५ वैशाख अन्तिम सातादेखि नै खाद्यान्न अभाव हुन थालेको छ । दार्चुला, बैतडी र डडेलधुराका सीमावर्ती क्षेत्रका मानिस खाद्यान्नका लागि भारतीय बजारकै भर पर्ने गर्छन् । आवश्यक पर्ने बालीनाली उत्पादन नहुने र मौसमी प्रतिकूलताले लगाएको बालीनाली पनि नष्ट हुने भएकाले उनीहरूलाई यसबाहेक अर्को उपाय पनि हुँदैन । यसपटक पहाडी जिल्ला बझाङ, बाजुरा अछाम

*गएको वर्षमात्रै छिमेकी मुलुक भारतबाट वैधानिक रूपमा एक लाख ८० हजार मेट्रिक टन खाद्यान्न नेपाल भित्रिएको थियो । अवैध रूपमा भित्रिने खाद्यान्नको कुनै लेखाजोखा छैन । यस वर्ष भारतले खाद्यान्न निर्यातमा रोक लगाइसकेको छ । तर, भारतीय बजारमा गहुँको मूल्य नेपाली बजारमा भन्दा कम भएपनि उल्टो यहाँको अन्न भारत गइरहेको छ ।*

र बैतडीमा असिना परेका कारण हिउँदे बाली पनि नष्ट भएको छ ।

सुदूरपश्चिमका पहाडी जिल्लाको उत्पादनले त्यस क्षेत्रमा औसत तीन महिना मात्रै खान पुग्छ / सबै ठाउँमा यातायात नपुगेकाले राज्यले पुऱ्याउने खाद्यान्न ढुवानी भाडा नै निक्कै महँगो हुन जान्छ । त्योभन्दा बरु भारतीय बजारबाट आउने खाद्यान्न सस्तोमा पाइन्छ । त्यो पनि बन्द भएपछि पहाडी जिल्लाका बासिन्दा सम्भावित अनिष्टको खतराले आत्तिएका छन् । बाजुराको दहकोट गाविसबाट एक दिन लगाएर चामल किन्न मार्तडी पुगेका रामबहादुर नेपालीले विजोग सुनाए, 'मसिनो चामल त कहिले पाइएन, अब त्यही मोटो चामल पनि नपाएर भोकै मर्नुपर्ने हो कि जस्तो लाग्न थाल्यो ।'

बाजुरा सदरमुकाम मार्तडीस्थित खाद्य डिपोनजिकै घर छ- धने लुहारको । उनी हरेक दिन मजदुरी गरेपछि बेलुका मुट्ठीमा पैसा च्यापेर चामल किन्न जाने गर्थे । अहिले चामल नपाएपछि भोकभोकै

*संस्थानको सुदूरपश्चिम क्षेत्रीय कार्यालयले बाजुरामा दुईवटा खाद्य डिपो सदरमुकाम मार्तडी र कोल्टीमा राखेको छ । सदरमुकाम मार्तडीमा तीन हजार सात सय क्विन्टल र कोल्टीमा दुई हजार आठ सय क्विन्टल चामल वार्षिक रूपमा उपलब्ध गराइन्छ । जिल्लाको जनसङ्ख्याका आधारमा त्यो हात्तीको मुखमा जिरा भनेजस्तै मात्रै हो ।*

सुत्नुपरेको पीडा बाजुरेलीले मात्रै महसुस गर्न सक्छन् भन्ने उनको ठम्याइ छ । 'मैले थाहा पाएको ६० वर्ष भयो, यस्तै छ चामलको समस्या,' लुहार भन्छन्, 'अब त गिट्टी कुटेर र बालुवा चालेर कमाएको पैसाले पनि चामल किन्न नपाइने भयो ।' बझाङ सुकेडाकी सुनिता दमाई पनि सबैतिर खाद्यान्नको मूल्य आकासिएको, भारतबाट चामल आउन छाडेको र खाद्यान्न पाइन छाडेको खबर सुनेर अब 'बाँचिने होइन कि' भन्ने त्रासमा छिन् । बझाङमा नेपाल खाद्य संस्थानले हरेक साता वितरण गर्ने १० किलोग्राम चामलको जोहो गर्नमै बझाङेहरूको दिन बित्न थालेको चैनपुरका मोहन मल्ल बताउँछन् । उनी भन्छन्, 'त्यही १० किलो भए पनि माडसम्म खान पाइएला भनेर कुरेर बस्नुपर्छ ।'

संस्थानको सुदूरपश्चिम क्षेत्रीय कार्यालयले बाजुरामा दुईवटा खाद्य डिपो सदरमुकाम मार्तडी र कोल्टीमा राखेको छ । सदरमुकाम मार्तडीमा तीन हजार सात सय क्विन्टल र कोल्टीमा दुई हजार आठ सय क्विन्टल चामल वार्षिक रूपमा उपलब्ध गराइन्छ । जिल्लाको जनसङ्ख्याका आधारमा त्यो हात्तीको मुखमा जिरा भनेजस्तै मात्रै हो । बझाङका चैनपुर, बिसौना, जुहीमा रहेका तीनवटा डिपोमा वर्षमा जम्माजम्मी दुई हजार क्विन्टल, दार्चुलाको सुनसेरा, खण्डेश्वरी, पारिबगरमा रहेका डिपोमा एक हजार एक सय क्विन्टल र अछामका कमलबजार र विनायकमा एक हजार नौ सय क्विन्टल मात्रै खाद्यान्न पठाउने कोटा संस्थानले छुट्याएको छ ।

सामान्य अवस्थामा पनि यो खाद्यान्न एकदमै अपुग हुन्छ, यसपालि त पहाडी जिल्लामा असिनापानीले हिउँदेबाली नष्ट भएको र भारतबाट आउने खाद्यान्न पनि बन्द भएकाले कसरी भोकमरी टार्ने भन्ने समस्या आइलागेको छ । खाद्यान्न आपूर्ति व्यवस्थापनको जिम्मा पाएको नेपाल खाद्य संस्थानको खाद्यान्न खरिद गर्ने गतिलो योजना नहुँदा कैलाली, कञ्चनपुरका किसानको गहुँ नेपालगञ्ज, बुटवल, नारायणगढ, काठमाडौं, वीरगञ्जलगायत बजारमा गइरहेको छ ।

संस्थानको योजना कतिसम्म अदूरदर्शी छ भने पहाडी जिल्लामा खाद्यान्न पठाउनका लागि कैलाली र कञ्चनपुरमा रहेका गोदाममा सञ्चितिसमेत छैन । खाद्यान्न सञ्चितिको योजना नभएकाले संस्थानका गोदाम रित्तै र अलपत्र अवस्थामा रहेको संस्थानको क्षेत्रीय कार्यालय धनगढीका निमित्त प्रमुख इन्द्रकमल थापा स्वीकार्छन् । चामल नभएपछि बझाङ र दार्चुलाका खाद्य डिपो बन्द भइसकेका छन् ।

यहाँ उत्पादन भएको खाद्यान्न अपुग रहेको र भारतबाट आउने खाद्यवस्तु पनि बन्द भएपछि खाद्यान्नमा भएको मूल्यवृद्धिको असर सुदूरपश्चिमका पहाडी जिल्लाका गरिब र मजदुरमा परेको छ । साँझ-बिहानको छाक जुटाउन ठिक्कै भएकाले छोराछोरीको शिक्षा र स्वास्थ्यका बारेमा सोच्न पनि नभ्याएको दुःखेसो दार्चुला खण्डेश्वरीका महेश जोशीको छ । दार्चुलाका धेरैजसो मानिस सीमावर्ती भारतीय बजार धार्चुलामा कुल्ली काम गर्न जान्छन् । दार्चुलाको मार्मा र दुँहु क्षेत्रका ४५ प्रतिशत बासिन्दा दिनभर भारतमा गएर मजदुरी गर्ने र बेलुका त्यसैको कमाइबाट पिठो, चामल ल्याई छाक टार्ने गर्छन् । जोशी दुःखेसो पोख्छन्, 'अब त त्यही चामल, पिठो पनि पाइँदैन ।'

सुदूरपश्चिमको अन्नभण्डारका रूपमा रहेका कैलाली र कञ्चनपुरमा हुने खाद्यान्न उत्पादन व्यवस्थित मात्रै गर्न सके सुदूरपश्चिमले खाद्यसङ्कट भोग्नु नपर्ने कृषि विज्ञहरू बताउँछन् । तर, यहाँ उत्पादित खाद्यान्न व्यवस्थित गर्ने कुनै योजना राज्यले अहिलेसम्म ल्याउन सकेको छैन ।

खाद्य संस्थानका कञ्चनपुर शाखा प्रमुख भरतबहादुर सिंह खाद्य-सुरक्षाको आवाज उठाउने बेला आइसकेको बताउँछन् । उनी भन्छन्, 'अब खाद्यान्न चाहियो मात्रै भन्नेबेला होइन, खाद्य-सुरक्षाकै आवाज उठाइनुपर्छ ।' विश्वमा देखापरेको खाद्यसङ्कटसँगै नेपालको सुदूरपश्चिममा देखिन लागेको सम्भावित भोकमरीलाई रोक्न सरकारले समयमै उपयुक्त कदम चाल्नुपर्ने उनको सुझाव छ । संस्थानका क्षेत्रीय प्रमुख थापा तत्काल भोकमरीको खतरा नआउने र संस्थानले खाद्य अभाव पूर्ति गर्ने दाबी गर्दै भन्छन्, 'अझै केही खाद्यान्न सञ्चित छ, त्यसैले भोकमरी नै आइनहाल्ला ।' तर, बाजुराका झन्डै एक दर्जन गाविसलगायत सुदूरपश्चिमका पहाडी जिल्लामा सुरु भएको खाद्यान्न अभावले भोकमरीको प्रस्ट सङ्केत देखिइसकेको छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# ‘भूकम्प प्रतिरोध सहर’ बन्दैछ धरान

*भूकम्प खतरा होइन, असुरक्षित घरले मान्छेको ज्यान लिने बताउँदै इन्जिनियर सुरज श्रेष्ठ भन्छन्, ‘धरानमा अहिलेसम्म बनेका घरहरू हेर्दा सहर निकै जोखिममा छ’ पाँच वर्षअघि गरिएको अध्ययनको तथ्याङ्कअनुसार धरानमा पहिले ९८ प्रतिशत घर प्राविधिकको सल्लाहबिना निर्माण भएका थिए । उनी भन्छन्, ‘अब त्यसो हुँदैन ।’*

✍ **निलिफा सुब्बा**

**धरान**/ सहरी क्षेत्रमा घरहरू बन्ने क्रम तीव्र छ । घर निर्माणको वृद्धिले सहरहरू दिन प्रतिदिन साँघुरा हुँदै गएका छन् । यसरी भवन बनाउने क्रम जति बढे पनि यसमा अपनाउनुपर्ने सावधानी वा प्रविधितर्फ भने खासै ध्यान दिएको पाइँदैन । तर, धरान भने सुरक्षित भवन निर्माणको सहर बन्दैछ ।

देशका अन्य सहरझैं धरानमा पनि सहरीकरण तीव्र छ । आजभोलि यहाँ सबै घरहरू भूकम्प प्रतिरोध क्षमताका बन्न थालेका छन् । यो भूकम्प प्रतिरोध भवन निर्माणले व्यवस्थित र सुरक्षित बसोबासका लागि धरानले अन्य सहरलाई उछिन्न थालेको छ ।

गाउँबाट सहर झरेका किन नहुन् वा सहरमै बसिरहेका मानिसले पनि केही कमाएपछि गर्ने पहिलो काम हो- आफ्नो बासका लागि घर बनाउनु । अझ वैदेशिक रोजगारीको प्रमुख सहरमा पनि धरान पर्दछ । र, यहाँ आधुनिक घर पनि उत्तिकै बन्ने गर्दछन् । बस्ने घरहरू भूकम्पबाट जोगाउन नागरिक सचेत हुन थालेका छन् । नागरिकको सचेततालाई सरकारी निकायले पनि हौस्याएको छ । नगरपालिकाले भूकम्प प्रतिरोध क्षमताको प्रविधिअनुसार गर्नुपर्ने नियम लगाएपछि अब भविष्यमा ‘धरान भूकम्प प्रतिरोध सहर’ बन्ने तरखरमा छ ।

०४५ सालको भूकम्पले धरानलाई निकै पीडित बनायो । त्यतिबेला यहाँ एक सय ३८ जनाको ज्यान गुमेको थियो । २० हजार एक सय १७ जना घाइते भएका थिए । दुई हजार पाँच सय घर भत्किएका थिए । त्यो नृशंस घटनाको पाठले पनि धरानवासी भूकम्पप्रति सचेत भएका हुन् ।

भूकम्प प्रतिरोध घर बनाउन थालेका नरप्रसाद लिम्बूले ०४५ साल भदौ ५ गतेको भूकम्पले गरेको धनजनको क्षतिले आफूलाई त्यसप्रति सजग गराएको बताए । ‘भूकम्प प्रतिरोधी घर बनाउँदा आफू र आफ्नो परिवार सुरक्षित भएको महसुस हुन्छ,’ उनले भने, ‘निर्माणमा केही महँगो हुन जाने भए पनि भविष्यमा ज्यानै जाने खालको जोखिमबाट बच्न भूकम्प प्रतिरोधी घर बनाउन लागेको हुँ ।’

*०४५ सालको भूकम्पले धरानलाई निकै पीडित बनायो । त्यतिबेला यहाँ एक सय ३८ जनाको ज्यान गुमेको थियो । २० हजार एक सय १७ जना घाइते भएका थिए । दुई हजार पाँच सय घर भत्किएका थिए । त्यो नृशंस घटनाको पाठले पनि धरानवासी भूकम्पप्रति सचेत भएका हुन् ।*

मोफसलका लागि ०६४ भदौ ५ गतेदेखि नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता लागू गर्ने घोषणा भएको थियो । तर, सो नीति लागू गर्नेमा धरान पहिलो भएको छ ।

सोही नीतिअनुरूप धरान नगरपालिकाभित्र घर बनाउँदा भूकम्प प्रतिरोधको नक्सा पास गर्नैपर्ने अनिवार्य नियम बनाइएको छ । नगरपालिकाको यही नियमका कारण अब बन्ने सबै घर भूकम्प प्रतिरोध क्षमताका हुने भएका छन् ।

यसै वर्षदेखि नगरपालिकाले भवन निर्माण आचारसंहिता लागू गरेर भूकम्पसम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि सुरु गरेको छ । रेडियो, टीभी, पत्रपत्रिकाले पनि भूकम्पसम्बन्धी चेतनामूलक सन्देश दिइरहेका छन् । विभिन्न सङ्घसंस्थाहरूले पनि जनचेतना फैलाउने कार्यक्रम गर्दै आएका छन् । भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) को सहयोगमा चेतनामूलक कार्यक्रमका अतिरिक्त विभिन्न क्षेत्रका व्यक्तिसँग छलफल, र्‍याली गर्नुका साथै मिस्त्री, निर्माण

*धरानमा बन्न लागेका घरहरूमा ३/४ पटक सुपरभाइजरहरूले सुपरिवेक्षण गर्ने गरेका छन् । मिस्त्रीहरू पनि लाइसेन्स प्राप्त छन् । विद्यालय भवन निर्माण गर्दै गरेका विष्णु मेमोरियलका प्रिन्सिपल बेनिन्द्र कटुवाल भन्छन्, 'सामान्य भवनभन्दा प्राविधिकको सल्लाहमा केही फरक गरे मात्र प्रतिरोध क्षमताको घर बन्दोरहेछ ।'*

व्यवसायीलाई प्राविधिक तालिम दिने गरिएको छ। सामुदायिक र निजी विद्यालयसँग पनि भूकम्पसम्बन्धी कार्यक्रम सुरु गरिएको छ। सहरी विकास कार्यालय मोरङले प्राविधिकहरूलाई तालिम दिन थालेको छ।

यस्तो कार्यक्रमले धरानवासीमा भूकम्प प्रतिरोधी घर आवश्यक मात्र होइन जरुरी पनि रहेछ भन्ने धारणा विकसित भएको छ।

घर निर्माणका लागि नगरपालिकाका इन्जिनियर तथा प्राविधिकहरूले सुपरिवेक्षण गरी सल्लाह सुझाव दिने गरेका छन्। भवन निर्माण संहिता व्यावहारिक रूपमा लागू भएकोले पनि भूकम्प प्रतिरोध घर निर्माणमा सहयोग पुगेको नगरपालिकाका इन्जिनियर सुरज श्रेष्ठले बताए।

भूकम्पबाट सुरक्षित रहन सिमेन्टको पिलरवाला घर नै बनाउनुपर्छ भन्ने छैन। माटोबाट पनि सुरक्षित घर बनाउन सकिने प्राविधिकहरू बताउँछन्। भवन निर्माण संहितामा घरहरूलाई चार वर्गमा विभाजन गरिएको छ। पहिलो, विदेशी निकायले बनाउने भवनहरू जसमा उनीहरूका देशका संहिता लागू गरेर बनाउने गरेका छन्। दोस्रो, निश्चित क्षेत्रमा इन्जिनियरले नै डिजाइन गरेर बनाउने घर । तेस्रो, इन्जिनियरहरू उपलब्ध हुन गाह्रो भएको अवस्थामा ओभरसियर मात्र नभई एउटा नक्सा पढ्न जान्ने डकर्मी, सिकर्मीले बुझ्न सक्ने गरी निश्चित क्षेत्रमा डिजाइन गरेर सरकारले नै बनाइदिने। र, चौथोमा गाउँघर तथा दुर्गम ठाउँमा प्राविधिक, सवओभरसियर पनि नभेटिने ठाउँका कच्ची प्रकारका भवनहरू पर्दछन्।

धरानमा बन्न लागेका घरहरूमा ३/४ पटक सुपरभाइजरहरूले सुपरिवेक्षण गर्ने गरेका छन्। मिस्त्रीहरू पनि लाइसेन्स प्राप्त छन्। विद्यालय भवन निर्माण गर्दै गरेका विष्णु मेमोरियलका प्रिन्सिपल बेनिन्द्र कटुवाल भन्छन्, 'सामान्य भवनभन्दा प्राविधिकको सल्लाहमा केही फरक गरे मात्र प्रतिरोध क्षमताको घर बन्दोरहेछ।' त्यसैगरी युगकुमारी लिम्बूले आफू मात्र होइन, भावी सन्तानका लागि पनि सुरक्षित होस् भन्ने उद्देश्यले भूकम्प प्रतिरोध घर बनाएको बताइन्।

भूकम्पीय क्षतिलाई न्यूनीकरण गर्न नगरपालिका र स्थानीय भवन निर्माण व्यवसायी सङ्घले सिकर्मी, डकर्मीलाई प्राविधिक तालिम उपलब्ध गराउँदै आइरहेको छ।

निर्माण व्यवसायीको रूपमा ३२ वर्षदेखि काम गर्दै आएका स्थानीय भवन निर्माण व्यवसायी सङ्घका सदस्य राम तामाङले मात्र १४ वटा घर भूकम्प प्रतिरोध क्षमताको बनाइसकेको बताए। 'आजभोलि ठेक्का दिँदा सबैले भूकम्प प्रतिरोध क्षमताकै घर बनाउने भन्छन्,' उनले भने। इन्जिनियर श्रेष्ठका अनुसार पछिल्लो आठ महिनाको अवधिमा दुई सय ६ वटा भूकम्प प्रतिरोधात्मक घरहरू निर्माण भइसकेका छन्।

भूकम्प खतरा होइन, असुरक्षित घरले मान्छेको ज्यान लिने बताउँदै इन्जिनियर श्रेष्ठले भने, 'धरानमा अहिलेसम्म बनेका घरहरू हेर्दा सहर निकै जोखिममा छ।' पाँच वर्षअघि गरिएको अध्ययनको तथ्याङ्कअनुसार धरानमा पहिले ९८ प्रतिशत घरहरू प्राविधिकको सल्लाहबिना निर्माण भएका थिए। उनी भन्छन्, 'अब त्यसो हुँदैन।'

सहरी विकासका प्रमुख चतुराज प्रसाईंले अझै जनस्तरमा चेतना बढाउन जरुरी रहेको बताए। भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका भूगर्भविद् गणेश जिमी भन्छन्, 'भूकम्पसम्बन्धी जनचेतना फैलाउन र भवन निर्माणका क्रममा सचेत हुन आवश्यक छ।'

नेपालमा भूकम्प जानुको कारण अन्य देशको तुलनामा फरक छ। नेपालमा जैविक विविधता र हिमाली क्षेत्र बढी भएकोले भूकम्पको जोखिम बढी भएको उनले बताए। त्यस्तैगरी भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) का भूकम्प इन्जिनियर रुद्र पुन भन्छन्, 'भूकम्प कहिले आउँछ थाहा हुँदैन, तर कुनै दिन आउँछ भनेर तयार रही सुरक्षित घर बनाए धेरै हदसम्म बाँचिन्छ।' धरानका घर तथा भवन निर्माणमा धेरै परिवर्तन भएको छ। जसले भविष्यमा अझै परिवर्तन ल्याउनेछ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कमाइको आशमा दुःखैदुःख

*महिलाका लागि परदेशको काम र कमाइ पनि सजिलो छैन । धेरै पैसा कमाउने आशमा भारतका विभिन्न ठाउँमा पुग्ने महिला उल्टै ऋण बोकेर रित्तोहात फर्कन बाध्य छन् ।*

✍ तिला भण्डारी

सुर्खेत/ धेरै पैसा कमाउने लोभमा भारतको हिमाञ्चल प्रदेश सिमला पुगेकी सुर्खेत सहारेकी सन्तकली वली एक वर्षपछि ऋणको भारी बोकेर घर फर्किइन् । घरमा सासूससुरासँग व्यवहार नमिलेर झैं-झगडा भएपछि उनी लोग्ने र छोराछोरीसँगै सिमलातिर लागेकी थिइन् । यसरी ऋणमा फसेर फर्कनुपर्ला भन्ने त कल्पनासम्म गरेकी थिइनन् तर, भइदियो त्यही । 'धेरै पैसा कमाउँला भन्ने आश थियो । तर, पैसा त के कमाउनु गलामा भएको तिलहरी बेचेर बल्लतल्ल बसभाडा जुटाएँ र घर फर्कें ।'

सिमला उनले सोचेजस्तो रहेनछ । त्यहाँ उनलाई रक्सी बनाउने र आलुको बिउ लगाउने काममा लगाइयो । रक्सी बनाएर बेचेको कमाइले साँझ-बिहानको छाक टरेन, आलुखेतीले पनि उँभो लगाउन सकेन । सन्तकलीले सिमलाको कथा सुनाइन्, 'आलु खनेर सकेपछि मालिकले बजार भाउ पाइएन भनेर ज्याला पनि समयमा नदिने रहेछ । अर्काको ठाउँ, केही बोले मारिहाल्छन् कि भन्ने डर ।' वर्षभरिको मेहनत डुब्ला भन्ने डरले पनि चुपचाप सहनुभन्दा उनीसँग अरू उपाय थिएन ।

सुर्खेतकै सहारे सीमघाटकी राम्प्यारी वली पनि सिमलाबाट ऋण बोकेर फर्किनेमध्येकै एक हुन् । धेरै पैसा कमाउने लोभमा परदेश पुगेकी वलीका लागि पनि त्यहाँको अनुभव नमिठो रह्यो । कथा उनको पनि सन्तकलीकै जस्तो छ । 'भएभरको मेहनतले आलु लगाएँ, बेच्ने बेलामा मालिकले पैसा पनि दिएन,' उनी भन्छिन्, 'मालिककै घरमा भाडामा बस्थ्यौं, हिसाबकिताब बराबर भयो भनेर टारेपछि हामी के नै गर्न सक्थ्यौं र ?'

आलु खेतीबाट फाइदा केही नभएपछि राम्प्यारीले सिमलामा गुजाराका लागि रक्सी बनाउन सुरु गरिन् । रक्सी बनाउन थालेपछि सुरुसुरुमा त राम्रै आम्दानी भयो, दैनिक भा.रु. १०० सम्म कमाउँथिन् । रक्सी नभई नचल्ने लोग्नेका कारण रक्सी बनाउनैपर्ने बाध्यता पनि थियो । उनी भन्छिन्, 'लोग्नेले रक्सी नखाने भए त अरू नै पेसा गर्थें होला । लोग्नेकै लागि भए पनि रक्सी बनाउनुपर्ने भएकाले यही पेसा गर्न थालें ।'

*कहिल्यै नदेखेको परदेशको ठाउँ भएकाले सुरुसुरुमा भाषा नबुझेर पनि उनले ठूलै दुःख व्यहोर्नुपर्‍यो । सानोतिनो ठेक्कापट्टाको काम गर्ने लोग्नेको कमाइ देखेर केही मान्छेले गैरकानुनी काम गर्छ भन्दै प्रहरीमा उजुरी गरेपछि ठूलै समस्या आइलाग्यो । 'त्यसपछि त प्रहरी पक्राउ गर्न कोठामै आइपुग्यो, हिन्दीमा के-के सोध्यो, बुझ्दै बुझिएन ।'*

कहिल्यै नदेखेको परदेशको ठाउँ भएकाले सुरुसुरुमा भाषा नबुझेर पनि उनले ठूलै दुःख व्यहोर्नुपर्‍यो । सानोतिनो ठेक्कापट्टाको काम गर्ने लोग्नेको कमाइ देखेर केही मान्छेले गैरकानुनी काम गर्छ भन्दै प्रहरीमा उजुरी गरेपछि ठूलै समस्या आइलाग्यो । 'त्यसपछि त प्रहरी पक्राउ गर्न कोठामै आइपुग्यो, हिन्दीमा के-के सोध्यो, बुझ्दै बुझिएन,' पाएको दुःख सम्झँदै उनले भनिन्, 'उनीहरूले एकथरी भन्दा हामीले अर्कोथरी बुझेछौं, आखिर मुद्दा लगाइछाडे ।'

प्रहरीले मुद्दा चलाएपछि झन् विजोगका दिन सुरु भए । काम गरेर खाने मान्छे मुद्दा लड्न र तारेख धाउन हिँड्नुपर्ने भयो । हुँदाहुँदा नौ वर्षसम्म हाडछाला घोटेर जम्मा गरेको एक लाख पचास हजार रुपैयाँ पनि मुद्दा लड्दालड्दै सकियो । कमाएको पैसा सकिएको र नयाँ कामले पनि उद्धार गर्न नसकेपछि ऋण लिएर घर फर्केको दुःखेसो उनले सुनाइन् ।

पैसा कमाउने आशमा जन्मथलो छाडेर भारतका विभिन्न ठाउँ पुगेका नेपाली महिला त्यहाँबाट यस्तै विजोग भोगेर फर्केका उदाहरण थुप्रै छन् । प्रायः मध्यपश्चिम क्षेत्रका पुरुषमात्र कमाउनका लागि भारत

*समस्या मात्रै होइन, नेपाली महिलाले भारतमा काम गर्दा तुच्छ गालीगलौज र अपमानको पनि सामना गर्नुपर्छ । व्यक्तिगत आत्मसम्मानमा ठेस पुग्ने थुप्रै गतिविधि हुने गर्छन् । नेपाली कामदारले त्यस्तो अपमान सहँदै आएका छन्, महिला पनि त्यसबाट अछुतो रहने कुरै भएन । सङ्गीता भन्छिन्, 'हाम्रो चरित्रकै अपमान गर्न खोज्छन्, नेपालीलाई जे गरे पनि हुन्छ भन्ने सोचाइ त्यहाँ छ ।'*

जाने गरेकोमा पछिल्ला दिनमा त्यो पङ्क्तिमा महिला पनि छन् । तर, भारत पस्ने महिलाले दुःख र कष्टमात्रै भोगेका छन् । सुर्खेतको सहारेकोटकी २३ वर्षीया सङ्गीता विक तिनैमध्येकी एक हुन् । घाँस काट्ने, रोडा कुट्ने, खन्ने, स्याउ बोक्ने, आलु लगाउने र नालीको दिसापिसाब फाल्नेसम्मका सबै काम गरिन् उनले । झन्डै पाँच वर्ष उनले हिमाञ्चल प्रदेशका सिमला, देवदार, रुरु, बनधुनलगायतका ठाउँमा बिताएकी छिन् ।

१६ वर्षको उमेरदेखि नै उनी भारतमा काम गर्न गइन् । घरमा जति नै काम गरे पनि सासूससुराबाट सहयोग र जस नपाएपछि उनलाई बरु परदेशको काम नै ठीक भन्ने लाग्यो । तर, परदेशको काम सोचेजति सजिलो भने थिएन । 'दुःख कति पाइयो, भनेर साध्य छैन,' उनी भन्छिन्, 'आफू अलिकति चलाख हुन सकेन भने त झनै गाह्रो हुन्छ ।' महिला कामदारलाई काम त गाह्रो हुने नै भयो, कमाइ पनि राम्रो नहुने अनि व्यक्तिगत असुरक्षाकै अवस्था आउँथ्यो । त्यहाँ भोग्नुपरेको विजोग सम्झँदै उनले भनिन्, 'सुरुमा त भाषा पनि नबुझिने, लोग्ने काममा गइसकेका हुन्थे, त्यही बेला एकजना मान्छेले झन्डै मलाई बेचेको थियो ।'

समस्या मात्रै होइन, नेपाली महिलाले भारतमा काम गर्दा तुच्छ गालीगलौज र अपमानको पनि सामना गर्नुपर्छ । व्यक्तिगत आत्मसम्मानमा ठेस पुग्ने थुप्रै गतिविधि हुने गर्छन् । नेपाली कामदारले त्यस्तो अपमान सहँदै आएका छन्, महिला पनि त्यसबाट अछुतो रहने कुरै भएन । सङ्गीता भन्छिन्, 'हाम्रो चरित्रकै अपमान गर्न खोज्छन्, नेपालीलाई जे गरे पनि हुन्छ भन्ने सोचाइ त्यहाँ छ ।' लोग्नेसँगै भएका महिलाले त त्यतिसाह्रो अपमान भोग्नु नपर्ला तर, एक्लै भएका महिलालाई अझ धेरै गाह्रो छ, परदेशको काम ।

जुनसुकै कारणले भारतमा काम गर्न गए पनि त्यहाँ महिलाले गर्नुपर्ने काम र भोगेका पीडा उस्तै-उस्तै हुन्छन् । अहिले खाडी र अन्य तेस्रो मुलुकमा समेत कमाउन जाने सङ्ख्या बढेको छ । त्यसैले भारत जाने महिलाको सङ्ख्या घटेको देखिन्छ । औपचारिक तथ्याङ्क नभए पनि वर्षेनी नेपालबाट लाखभन्दा बढी पुरुष र १० हजारभन्दा बढी महिला कामको खोजीमा भारत जाने गर्छन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# महिला सभासद्का सामूहिक एजेण्डा

*अहिले सभासद् बनेका महिलाको अबको चुनौती के हो ? विज्ञहरूका भनाइमा राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको कार्यान्वयन नै हो ।*

✍ नितु पण्डित

**काठमाडौं**/ संविधानसभामा चुनिएर गएका महिलाले अब त्यहाँ के-कस्ता मुद्दा उठाउलान् भन्ने प्रतीक्षा छ। चुनिएका सभासद्मध्ये केही महिलाले अन्तरिम व्यवस्थापिकाको अनुभव संगालेका भए पनि अधिकांश नयाँ अनुहार छन्। तिनका लागि संसदीय अभ्यास नौलो कुरा हुन सक्छ।

अहिले दुवै निर्वाचन प्रणालीअन्तर्गत एक सय ९१ महिला निर्वाचित भएका छन्। प्रत्यक्ष निर्वाचनमा पाँच दलका ३० जना महिला मात्र विजयी भए पनि समानुपातिक निर्वाचनअन्तर्गत तीन सय ३५ जनामा आधा महिला हुनुपर्ने अनिवार्य व्यवस्थाले १९ दलका एक सय ६१ जना महिला निर्वाचित भएपछि १९१ जना महिलाले सभासद् हुने मौका पाएका हुन्। यो आंकडा कुल निर्वाचित सङ्ख्याको ३३ दशमलव २२ प्रतिशत हुन आउँछ। निर्वाचित महिला सङ्ख्याले कम्तीमा ३३ प्रतिशत महिला सहभागी हुनुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न निर्वाचन सफल भएको मान्न सकिन्छ। इतिहासमै पहिलोपटक यति धेरै सङ्ख्यामा महिला पुगेकाले नेपाली महिलाका लागि गौरवको अनुभूति हुनु स्वाभाविक पनि हो। तर, अब महिलाको हकअधिकारलाई पूर्ण रूपमा स्थापित गर्न नयाँ संविधानमा राज्यका सबै क्षेत्रमा महिलाको समान सहभागिताका साथै सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अधिकार सुनिश्चित गर्नुपर्ने जिम्मेवारी विजयी सभासद्को काँधमा आएको छ।

आफ्नो यो जिम्मेवारी पूरा गराउन कुनै कसर बाँकी नराख्ने नवनिर्वाचित सभासद्हरूले बताएका छन्। खेती-किसानीमा व्यस्त रहेका महिला सभासद् हुन् या लामो समयदेखि अधिकारका लागि लडिरहेका अधिकारकर्मी, सबैको साझा एजेण्डा बनेको छ महिलाअधिकार। सबै क्षेत्रमा महिलाको समानुपातिक सहभागिता र समान अधिकार संवैधानिक रूपमा नै सुनिश्चित गरिनुपर्छ भन्छिन्- नेकपा माओवादीकी नेता तथा सभासद् पम्फा भुसाल। तर, समान क्षमताको विकास नभएसम्म विशेषाधिकारको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। लामो समयदेखि उत्पीडनमा परेका महिला संविधानमार्फत आफ्नो अधिकार लिने उत्साहका साथ आएका छन्। 'संविधानसभामा हाम्रो मुख्य एजेण्डा भनेको वर्षौंदेखि केही सीमित पुरुषले प्रयोग गरिरहेको

*लामो समयदेखि उत्पीडनमा परेका महिला संविधानमार्फत आफ्नो अधिकार लिने उत्साहका साथ आएका छन्। 'संविधानसभामा हाम्रो मुख्य एजेण्डा भनेको वर्षौंदेखि केही सीमित पुरुषले प्रयोग गरिरहेको महिलाको अधिकार फिर्ता लिनु हो।'*

महिलाको अधिकार फिर्ता लिनु हो,' अन्तरपार्टी महिला सञ्जालका अध्यक्षसमेत रहेकी नेपाली काङ्ग्रेसकी सभासद् उमा अधिकारीले भनिन्, '३३ प्रतिशतमा टेकेर ५० प्रतिशतमा फड्को मार्नुपर्छ।' संविधानसभामा लगभग ३३ प्रतिशत महिला चुनिएको अवस्थामा यसलाई राज्यको सबै निकाय र पार्टीको आन्तरिक संरचनामा लागू गर्नेमा जोड दिँदै अध्यक्ष अधिकारी भन्छिन्, 'सबै तह र तप्कामा बराबरी सहभागिता हाम्रो माग हो। त्यो कुरा विशेष व्यवस्थाका साथ संविधानमा लेखिनुपर्छ।'

'महिलालाई शिक्षित बनाउने र उनीहरूको स्वास्थ्यका कुरा उठाउनेछु,' एमालेका तर्फबाट मुगु जिल्लाको प्रतिनिधित्व गर्दै समानुपातिक सभासद् सोनाम छेदुङ लामाले भनिन्। अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्यसमेत रहेकी लामा शिक्षा तथा स्वास्थ्यसम्बन्धी ज्ञान नभएकै कारण पनि महिला पछि परेको बताउँछिन्। ०५८ सालको जनगणनालाई आधार मान्दा कुल सङ्ख्याको ४२ प्रतिशत महिला साक्षर छन्। अझै पनि धेरैजसो प्राविधिक विषयमा महिलाको पहुँच बढ्न सकेको छैन। त्यसैले पनि स्नातकसम्मको शिक्षा महिलालाई निःशुल्क हुनुपर्ने धारणा राख्छिन् अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष उमा अधिकारी।

संविधानसभामा उठाउने मुद्दाहरूको सूचीमा महिला सभासद्ले सम्पत्तिको अधिकारलाई पनि लिएका छन्। नेपाली काङ्ग्रेसका तर्फबाट समानुपातिक सभासद् आरजु देउवा भन्छिन्, 'सम्पत्तिले मानिसलाई शक्तिशाली बनाउँछ, त्यसैले पनि सम्पत्तिमा महिलाको

*आफ्नो एजेण्डालाई प्राथमिकतामा पार्न पार्टीले जारी गर्ने ह्विपले दलगत हिसाबमा प्रतिनिधित्व गरेका महिलालाई अप्ठेरो पनि पार्न सक्छ । तर, महिला अधिकारका सवालमा पार्टीगत स्वार्थभन्दा माथि उठ्नुपर्ने महिला अधिकारकर्मीहरू बताउँछन् । किनकि पार्टीहरूमा अझै पितृसत्ता हावी छ ।*

हक स्थापित गराउनुपर्छ ।' सरकारले आफ्नो योजना कार्यान्वयन गर्न बजेट बाँडफाँड गर्दा पनि महिलाका लागि विशेष व्यवस्था गर्ने परिपाटी हामीकहाँ नभएको अवस्थामा अब विशेष व्यवस्थास्वरूप निश्चित रकम छुट्याउने व्यवस्था गरिनुपर्छ भन्ने उनको तर्क छ । तर, अहिलेसम्म लैङ्गिक बजेट बनाउने गरिएको छैन ।' बजेटलाई समेत लैङ्गिक बनाउनुपर्छ भन्ने उनको ठहर छ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार १७ प्रतिशत परिवारको मात्र महिलाको स्वामित्वमा सम्पत्ति रहेको छ । तर, त्यसमध्ये पनि धेरै महिलासँग भएको सम्पत्ति भोगचलन गर्ने अधिकार छैन । सम्पत्तिको अधिकारबिना आर्थिक अधिकारको कुरा गर्न सकिँदैन । झन्डै ६४ प्रतिशत कृषि श्रमिकको रूपमा काम गर्ने महिला नै जमिनको मालिक हुनबाट वञ्चित भइरहेको अवस्था छ । 'महिलालाई सम्पत्तिमा पहुँच बढाउन राजस्व छुटका प्रावधानहरू राखिनुपर्छ,' काङ्ग्रेस सभासद् देउवाले भनिन् । संविधानसभामा सम्भवतः कम उमेरकी २५ वर्षीया सभासद् गायत्री साहले भने युवा महिला भएर उनीहरूको आवाज उठाउने बताइन् ।

संविधानमा लेखिनुपर्ने अर्को महत्वपूर्ण कुरा महिलाको राजनीतिक अधिकार हो भन्ने ठहर धेरै सभासद्को छ । महिलाको राजनीतिक अधिकारको कुरा गर्दा अहिले निकै कम महिला राजनीतिमा संलग्न छन् । अहिलेसम्म एकजना महिला शैलजा आचार्यले उपप्रधानमन्त्री बन्ने मौका पाइन् भने दुईजना महिला उपसभामुख भए । संविधानसभाबाहेक अन्तरिम संसद्मा ३ सय २९ मध्ये १७ दशमलव ३ प्रतिशत महिला विधायक भए । समग्रमा महिला सङ्ख्या बढी देखिए पनि लामो राजनीतिक इतिहास बोकेका दलहरू महिला सहभागितामा पछाडि नै थिए । अन्तरिम संसद्मा अन्य दलहरूको भन्दा माओवादीमा महिला अनुहार बढी देखियो । निकै उत्साहजनक भनी टिप्पणी पनि आएको थियो । तर, जनआन्दोलन भाग २ पछि पुनर्स्थापित संसद्ले ३३ प्रतिशत महिलालाई नीति निर्माण तहमा पुऱ्याउने सङ्कल्प प्रस्ताव पारित गरिसकेको अवस्थामा जम्मा १७ प्रतिशत महिला संसद्मा पुग्नुले दलहरू महिलाअधिकारप्रति उदार हुन नसकेको आरोप अधिकारकर्मीहरूको छ । सङ्कल्प प्रस्तावलाई पालन गर्ने नैतिक जिम्मेवारी त्यसपछि भएका सरकारी नियुक्ति र मनोनयनहरूमा पनि देखिएन ।

अन्तरिम संविधानमै लेखिएकाले संविधानसभामा भने निर्वाचित सदस्य सङ्ख्याको ३३ प्रतिशत महिला सहभागिता अहिले सम्भव भएको हो । सरकारले मनोनीत गर्ने २६ जनामा महिला परेनन् भने त ३३ प्रतिशत पुग्न अझै पनि गाह्रो पर्छ । विगतको कुरा गर्दा देशको राजनीतिक परिवर्तनमा महिलाको योगदानलाई कसैले नकार्न सक्दैन । प्रजातन्त्र पुनर्स्थापनाको १८ वर्षे इतिहासमा पछिल्लोपटक ०५६ सालको निर्वाचनबाट करिब ६ प्रतिशत महिलाले संसद्मा प्रतिनिधित्व गर्ने मौका पाएका थिए । अन्य नियुक्तिमा महिला सङ्ख्या नगन्य नै रह्यो । त्यसैले पनि बराबरी अधिकारको कुरा संविधानमै लेखिनुपर्नेमा महिलाले जोड दिएका छन् ।

चुनावअघि नै दलहरूले घोषणापत्रमार्फत आ-आफ्नो एजेण्डा प्रस्तुत गरिसकेका छन् । उनीहरूले सभामा त्यसैलाई प्राथमिकताका साथ उठाउने निश्चित छ । आफ्नो एजेण्डालाई प्राथमिकतामा पार्न पार्टीले जारी गर्ने ह्विपले दलगत हिसाबमा प्रतिनिधित्व गरेका महिलालाई अप्ठेरो पनि पार्न सक्छ । तर, महिला अधिकारका सवालमा पार्टीगत स्वार्थभन्दा माथि उठ्नुपर्ने महिला अधिकारकर्मीहरू बताउँछन् । किनकि पार्टीहरूमा अझै पितृसत्ता हावी छ । त्यसैले महिला आफ्नो सवालमा दलगत स्वार्थभन्दा माथि उठ्नुपर्छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# अदालतबाटै न्याय पाउँदैनन् महिला

*न्यायको आशमा अदालतको ढोका ढकढक्याउन पुग्ने महिला त्यहाँबाट पनि न्याय नपाएरै फर्कन्छन् । झन्झटिलो कानुनी प्रक्रिया, सामाजिक दबाब र डरत्रासले मुद्दा फिर्ता लिन या मिलापत्र गर्न बाध्य हुन्छन् उनीहरू ।*

✍ **लोग्शरी कुँवर**

**कैलाली**/ बाटो कुरेर बस्ने टोलछिमेककै गुण्डाहरूले दुर्व्यवहार र कुटपिट गर्दै घाइते बनाएपछि धनगढीकी २२ वर्षीया सुमीले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन् । तर, प्रहरीले उनले खोजेजस्तो न्याय दिलाउन सकेन । भर्खरै पत्रकारिता पेसा अंगालेकी सुमी (नाम परिवर्तित) मुद्दा अदालतसम्म लैजाँदा पीडा झनै थपिने अवस्था देखेपछि प्रहरी कार्यालयबाटै मुद्दा फिर्ता लिन बाध्य भइन् ।

कैलालीकै बेलादेवीपुर गाविसकी सुनिता विक लोग्ने र सासूससुराकै सामुन्ने बलात्कृत भइन् । भर्खर १७ पुगेकी सुनिताले आफूमाथि भएको अन्यायविरुद्ध प्रहरीमा जाहेरी दिइन् । प्रहरीले शङ्काको आधारमा छिमेककै राना थरका एक युवालाई पक्राउ त गर्‍यो तर, चार महिनासम्म पनि आवश्यक प्रमाण नजुटाएको र दबाब पनि आएपछि सुनिताले मुद्दा फिर्ता लिइन् । घरपरिवारकै अगाडि बलात्कारको सिकार बनेकी सुनिताले गहभरि आँसु पार्दै भनिन्, 'मुद्दा फिर्ता नलिए परिवारकै एउटै चिहान बनाइदिने धम्की दिए, केही नलागेर मुद्दा फिर्ता गर्नुपर्‍यो ।' सामूहिक बलात्कारका कारण उनको पेटमा रहेको अढाई महिनाको गर्भ पनि खेर गयो ।

अस्पतालबाट पनि उनलाई सहयोग मिलेन, किनभने अस्पतालले नेगेटिभ रिपोर्ट दियो । सेती अञ्चल अस्पताल धनगढीका मेडिकल सुपरिटेन्डेन्ट गणेशबहादुर सिंह भन्छन्, 'बलात्कार भएको/नभएको किटान गर्न ४८ घन्टाभित्र जाँच गर्नुपर्छ । तर, पीडित तीन दिनपछि मात्रै अस्पताल आइन्, त्यसकारण प्रस्ट हुन सकेन ।' अस्पतालले बलात्कार भएको छैन भन्ने रिपोर्ट थमाइदियो । सामूहिक बलात्कार हुनुपर्दाको भन्दा अस्पतालको रिपोर्टले उनलाई झनै पीडा दियो । उनी दुःखेसो पोख्छिन्, 'डाक्टरले उल्टो रिपोर्ट दिए, पुलिसले प्रमाण माग्छ, त्यत्रो पीडा खेपेकी एउटी महिलाले कहाँबाट प्रमाण जुटाएर मुद्दा लडूँ ?' उनको पीडा सुनिदिने कोही छैन । सामूहिक बलात्कारपछि घरबार बर्बाद भएको छ, लोग्नेबाट अलग्गिएर उनी माइतीमा बसेकी छिन् ।

सुनिताजस्तै पत्रकार सुमी पनि दबाब र धम्कीकै कारण मुद्दा फिर्ता लिन बाध्य भएकी थिइन् ।

*सामूहिक बलात्कार हुनुपर्दाको भन्दा अस्पतालको रिपोर्टले उनलाई झनै पीडा दियो । उनी दुःखेसो पोख्छिन्, 'डाक्टरले उल्टो रिपोर्ट दिए, पुलिसले प्रमाण माग्छ, त्यत्रो पीडा खेपेकी एउटी महिलाले कहाँबाट प्रमाण जुटाएर मुद्दा लडूँ ?' उनको पीडा सुनिदिने कोही छैन ।*

समाचार लेखेकै कारण छिमेकी गुण्डाहरूको आक्रमणमा परेकी सुमीले मुद्दा लम्बिने झन्झटिलो प्रक्रिया, छिमेकीहरूको धम्की र करकापले मुद्दा अघि बढाउन सकिनन् । 'आक्रमणको पीडा सहन नसकी म पेनकिलर खाएर जिप्रका जान्थेँ, आक्रमणकारीहरू भित्रबाट ताली बजाएर दोहोरी गाउँदै जिस्काउँथे,' उनी भन्छिन्, 'प्रहरीबाटै अपराधीले संरक्षण पाएको जस्तो लाग्यो, कानुनले अपराधीलाई सजाय दिन सक्दैन भने मेरो मुद्दा लड्ने आँट झन् कसरी आउँछ ?'

मुद्दा चल्दा प्रतिवादीहरूबाट आउने दबाब, डरत्रास र धम्की अनि झन्झटिलो कानुनी प्रक्रियाले गर्दा सुमी र सुनिताजस्ता महिलाले न्याय पाएनन्, अपराधीहरूलाई सजाय पनि भएन । अपराधको सिकार भइरहेका धेरै महिलाको यथार्थ सुमी र सुनिताभन्दा फरक छैन । न्याय खोज्दै अदालत वा प्रहरी कार्यालय पुग्ने महिला फैसला आउनु अगावै मुद्दा फिर्ता लिन वा मिलापत्र गर्न बाध्य छन् ।

कैलाली जिल्ला अदालतमा ०६४ साउन १ गतेदेखि फागुन मसान्तसम्म एक सय ४८ मुद्दा दर्ता छन् । तीमध्ये ३५ मुद्दा महिलाले दायर गरेका हुन् । पछिल्लो समय कानुनी न्यायका लागि अदालत पुग्ने

*कैलाली जिल्ला अदालतमा ०६४ साउन १ गतेदेखि फागुन मसान्तसम्म एक सय ४८ मुद्दा दर्ता छन् । तीमध्ये ३५ मुद्दा महिलाले दायर गरेका हुन् । पछिल्लो समय कानुनी न्यायका लागि अदालत पुग्ने महिलाको सङ्ख्या वृद्धि भएको तथ्य नकार्न सकिँदैन तर, त्यसअनुसार उनीहरूले न्याय भने पाउँदैनन् ।*

महिलाको सङ्ख्या वृद्धि भएको तथ्य नकार्न सकिँदैन तर, त्यसअनुसार उनीहरूले न्याय भने पाउँदैनन् ।

कैलाली जिल्ला अदालतको विवरणअनुसार महिलाले दायर गरेका ३५ मुद्दामध्ये एउटामा मात्रै महिलाका पक्षमा फैसला भएको छ । पाँचवटा मुद्दामा वादी-प्रतिवादीको मिलापत्र गराइएको, तीनवटा ढिसमिस (झन्झटिलो भएपछि मुद्दाका वादी तारेखमा आउन छाडेको) पारिएका र एउटा मुद्दा निवेदक महिलाले फिर्ता लिइन् । २५ मुद्दा चालू अवस्थामा छन् । ३५ मध्ये १८ वटा मुद्दा सम्बन्धविच्छेदका मात्रै छन् । अदालतका अनुसार, अरू मुद्दाभन्दा सम्बन्धविच्छेदका मुद्दाको छिट्टै छिनोफानो हुने गर्दछ । तर, महिलाले आफूमाथि अपराध भएको न्याय मागेमा भने ढिलाइ हुन्छ । एउटा मुद्दाको छिनोफानो हुन कम्तीमा पनि ६ महिनाभन्दा लामो समय लाग्ने गर्दछ ।

न्यायका लागि अदालत जाने तर मुद्दाको छिनोफानो नहुँदै वादी र प्रतिवादीबीच आफैं मिलापत्र हुनु, ढिसमिस पारिनु र पीडित पक्षले आफैं मुद्दा फिर्ता लिनुको कारण महिलामाथि थोपरिएको दबाब अनि झन्झटिलो कानुनी प्रक्रिया भएको अधिवक्ता जानकी तुलाधरको भनाइ छ । उनी भन्छिन्, 'सबै विषयका कारण देखाउने प्रमाण नभए पनि अधिकांश मुद्दा लड्ने महिला लामो अदालती प्रक्रिया, दबाब र घर-समाजमा महिलालाई हेरिने दृष्टिकोणका कारण दिक्क भएर मुद्दा फिर्ता लिन वा मिलापत्र गर्न बाध्य हुन्छन् ।' जिल्ला बारका अध्यक्ष वीरबहादुर जेठारा अदालती प्रक्रिया निक्कै झन्झटिलो भएकाले महिलाहरू मुद्दाको म्याद गुजार्न नसकेर आफैं मिलापत्र गर्ने, मुद्दा फिर्ता लिने र म्यादमा उपस्थित नभई ढिसमिस गर्ने गरेको बताउँछन् । महिला पक्ष भएका धेरै मुद्दामा बार एसोसिएसनको कानुनी सहायता परियोजनाले सघाउने गरेको छ । समितिले गएको साउन महिनायता २३ वटा मुद्दा हेरेको छ ।

भनिन्छ, ढिलो न्याय दिनु न्याय नदिनु नै हो । त्यसैले न्याय पाउने आशामा अदालत पुगेका महिला पनि प्रक्रियागत ढिलासुस्तीकै कारण मुद्दा छोड्ने वा मिलापत्र गर्न विवश छन् । बारको परियोजनाबाट सहयोग प्राप्त मुद्दा पक्षधर महिलासमेतले यही समस्या भोगिरहेका छन् । तर, केही मुद्दामा भने महिलाको पक्षमा फैसला भएको उदाहरण दिँदै जेठारा पीडित महिलाले न्याय पाउनका लागि महिलामैत्री कानुन निर्माण गर्नुपर्ने खाँचो औंल्याउँछन् । तर, जिल्ला अदालत कैलालीका श्रेस्तेदार विष्णु अवस्थी सामाजिक र पारिवारिक दबाबले फैसला नहुँदै मुद्दा फिर्ता, मिलापत्र वा ढिसमिस भए त्यसलाई अदालतले न्याय नदिएको भन्न नमिल्ने बताउँछन् ।

महिला मानवअधिकार रक्षक सञ्जाल कैलालीका अध्यक्ष जीवन्ती पौडेल मुद्दा फिर्ता लिनु वा मिलापत्र गर्नु महिलाको बाध्यता भएको ठान्छिन् । उनी भन्छिन्, 'अदालती प्रक्रिया नै लामो, कहिलेसम्म तारेख बोकिरहने ठेगान हुँदैन, प्रतिवादीबाट धम्की पनि आइरहन्छ, धेरै झन्झटिलो भएपछि मुद्दा फिर्ता लिने वा मिलापत्र गर्नेभन्दा अर्को विकल्प महिलासँग हुँदैन ।' यी सबै तथ्य हेर्दा लाग्छ, नेपालको प्रचलित कानुनी प्रक्रियामा सुधार नआएसम्म न्यायको ढोकासम्म पुगेर पनि न्याय नपाई फर्कने महिलाले कहिल्यै न्याय पाउन सक्ने छैनन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सुकुम्बासीले जोडे जग्गा

*सुनसरीका महिलाले सहकारीमार्फत आफ्नो र परिवारको जीवनस्तरमा ल्याएको परिवर्तन देख्ने जो-कोही पनि 'गरे के हुन्न र' भन्न बाध्य हुन्छ । हुन पनि बचत सहकारीमार्फत उनीहरूले के मात्रै गरेनन् ? सुकुम्बासी महिलाले जग्गासमेत किने ।*

✍ **सुमित्रा अञ्जान राई**

**सुनसरी**/ धरान राईटोलका बासिन्दा सुकुम्बासी थिए। उनीहरू वर्षौंदेखि अर्काको जमिनमा टहरा हालेर बस्दै आएका थिए। अहिले उनीहरू आफ्नै स्वामित्वमा जमिन लिएर बसेका छन्। ती सुकुम्बासीलाई सरकार वा कुनै दातृ निकायले जमिन उपलब्ध गराएको नभई उनीहरूले आफ्नै कमाइबाट हक कायम गरेका हुन्।

सुकुम्बासीलाई जग्गाधनी बनाउने अरू कोही नभई उनीहरूकै बचत अभियान हो। सबै सुकुम्बासी महिलाले सामूहिक रूपमा बचत गर्न थालेपछि उनीहरूको जीवनमा बिस्तारै परिवर्तन सुरु भएको हो। एकजुट भएपछि गाउँको मुहार फेरिएको हो। एउटा टोलबाट सामान्य बचत सुरु गरेका उनीहरू अहिले दिव्यज्योति महिला एकता सहकारी संस्था स्थापनामा सफल भएका छन्। त्यही सहकारी संस्थामार्फत बचत तथा ऋण गर्दै उनीहरूले जग्गा खरिद गर्न सकेका हुन्।

उनीहरूले सुरुमा ११ जना महिलाको एक समूह बनाएर मजदुरी गरी कमाएको केही रकम बचत गर्न सुरु गरेका थिए। अहिले बचत गर्ने त्यस्ता महिलाको सङ्ख्या पाँच सय पुगेको छ। त्यसभित्र २४ समूह बनेका छन्। ०५७ सालमा ३० रुपैयाँबाट सुरु गरेको बचत अहिले रु ४० लाखको कोष बनिसकेको छ। 'सुकुम्बासी महिलालाई अर्थोपार्जनमा थप सहयोग पुऱ्याउन बचत गर्न सिकाइएको हो,' एकता महिला समूहकी जिल्ला अध्यक्ष सीता मगरले भनिन्।

जग्गाधनीले लखेट्न लागेको बेला उनीहरूले सहकारीको सहारा पाएका थिए। सहकारीमा अलि-अलि जम्मा गरेको रकमले ११ घरपरिवारले जग्गा किनेका थिए। 'अहिले उनीहरू जग्गावाल भएका छन्। सुरुमा बचत नगरेको भए ऋण कसरी पाउनु र जग्गा जोड्नु ? बचत गरेको फलले भविष्य सुरक्षित गऱ्यो,' मगर भन्छिन्।

महिलाले पर्व बचत, समूह बचत, खुत्रुके बचत, स्वेच्छिक बचत गर्दछन्। जिल्लाको पहिलो प्रयास धरानबाट गरेको मगर बताउँछिन्। उनी भन्छिन्, 'सबै महिलाको सहयोगमा हामी सफल भयौं।'

समूहले वैदेशिक रोजगार, घर पुनर्निर्माण, व्यवसाय, छोराछोरीको शिक्षा खर्च, स्वास्थ्यमा ऋण दिने

*जग्गाधनीले लखेट्न लागेको बेला उनीहरूले सहकारीको सहारा पाएका थिए। सहकारीमा अलि-अलि जम्मा गरेको रकमले ११ घरपरिवारले जग्गा किनेका थिए। 'अहिले उनीहरू जग्गावाल भएका छन्। सुरुमा बचत नगरेको भए ऋण कसरी पाउनु र जग्गा जोड्नु ?*

गरेको छ। समाजमा हुने घरेलु हिंसा, झै-झगडाहरू पनि समूहले हेर्दै मिलाउने गरेको छ। असहाय महिलामा परेको मुद्दा पनि सोही बचत समूहले खेप्दै आएको छ। महिलालाई सचेत गराउन मासिक तालिम दिने गरेको छ।

श्रीमतीले लिएको ऋण श्रीमान्ले सही ठाउँमा लगानी नगरिदिने समस्याले ऋण समयमा चुक्ता गर्न नसक्ने हुनाले श्रीमान्लाई समेत राखेर ऋण दिने गरिएको अध्यक्ष मगर बताउँछिन्। उनी भन्छिन्, 'यसो गर्दा ऋण सही ठाउँमा परिचालन हुँदोरहेछ।'

त्यस्तै ०५० सालमा नौजना महिलाको एउटा समूह मिलेर मासिक ५ रुपैयाँ जम्मा गर्थे। अहिले सो समूह सयपत्री नारी विकास सहकारी संस्था भएको छ। १६ समूहमा विभाजित भई तीन सय ५० महिला सङ्गठित भएका छन्। ४५ रुपैयाँ बचतले अहिले सहकारीले एक करोड रुपैयाँको हाराहारीमा कारोबार गरिरहेको छ।

अध्यक्ष लक्ष्मी राई भन्छिन्, 'मासिक भेलामा महिलाहरू डोको बोकी दाउरा-घाँस जान भनी परिवारलाई छलेर आउने गरेको मलाई अहिले जस्तो लाग्छ। कुनै महिलालाई बोलाउन जाँदा डरले ढोका थुनेर पनि बस्थे।' उनी भन्छिन्, 'बिस्तारै समूहले ऋण

*उता घरको कामधन्दा सकेपछि उनीहरूको दैनिकी सुरु हुन्छ- न्यू जनकल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको हिसाबकिताब रेखदेखबाट । संस्थाका अध्यक्ष मनकुमारी याक्खा भन्छिन्, 'थोरै मात्र आयआर्जन भएका परिवारको आर्थिक जीवन सुधार्न सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ । उनी सामान्य साक्षर मात्र हुन् ।*

वितरण गर्न थालेपछि उनीहरूका श्रीमान्हरू पनि समूहप्रति आकर्षित हुँदै गएका थिए ।'

महिलालाई पशुपालन, घरायसी समस्या, वैदेशिक रोजगारका लागि रु. १० देखि दुई लाखसम्म ऋण दिने गरिएको छ। निम्न वर्गलाई उत्थान गर्नुपर्छ भन्ने उद्देश्य बोकेको समूहले सीप भएका महिलालाई पैसाको अभावमा त्यसै बस्नु नपरेको अध्यक्ष राई बताउँछिन् । समूहका महिलाले दैनिक एक मुठी चामल उठाएर अनाथालय, गरिब विद्यालयमा ११ क्विन्टल चामल प्रदान गरेको राईले बताइन् ।

बेलाबेलामा समूहले स्वास्थ्य चेतनाका लागि स्वास्थ्य कार्यक्रम र लागूऔषधविरुद्धका कार्यक्रमहरू गर्दै आइरहेको छ । महिला मात्र आबद्ध नभई सँगै सहकार्य गरौं भनेर १० प्रतिशत पुरुषलाई पनि सहभागिता गराउन यो समूह सफल भएको छ। आगामी योजना भनेको आर्थिक आय आर्जनको ठाउँमा पैसा लगानी गर्ने सोच रहेको राईले बताइन् ।

उता घरको कामधन्दा सकेपछि उनीहरूको दैनिकी सुरु हुन्छ- न्यू जनकल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको हिसाबकिताब रेखदेखबाट । संस्थाका अध्यक्ष मनकुमारी याक्खा भन्छिन्, 'थोरै मात्र आयआर्जन भएका परिवारको आर्थिक जीवन सुधार्न सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ । उनी सामान्य साक्षर मात्र हुन्। तर, अनुभवले उनलाई आर्थिक उपार्जन गर्ने व्यवसायमा दक्ष बनाएको छ। धरान-९ पुतलीलाइनमा रहेको उक्त संस्था धरानकै नमुना सहकारी संस्था हुन पुगेको छ। संस्था ०६३ जेठदेखि सुरु भएको हो ।

हालसम्म एक करोड ५० लाख रुपैयाँबराबरको आर्थिक कारोबार भएको उक्त संस्थाको सेयर सदस्यहरू दुई सय ४० जना छन्। तिनमा पनि ९५ प्रतिशत महिला मात्र छन्। काम गर्दागर्दै महिला नै बढी सम्पर्कमा आएकोले संस्थामा पुरुषको उपस्थिति न्यून भएको सचिव विष्णु सुब्बा बताउँछिन्। सुब्बा ब्रिटिस लाहुरेकी पत्नी हुन्। कार्यालयमा पाइला टेक्नासाथ उनीहरू आगामी योजनामाथि छलफल गर्ने, रणनीति बनाउने, लगानी क्षेत्र पहिचान गर्ने, ऋण असुली गर्ने उपाय खोज्ने र सेयर सदस्यलाई कसरी नाफा दिलाउने भन्नेबारेमा तर्क-वितर्क गर्ने गरेको सुब्बा बताउँछिन् ।

सुनसरी हाँसपोसा गाविसमा ०६३ सालदेखि महिला सशक्तीकरण समूह पनि विभिन्न कार्यक्रमहरू गर्दै अगाडि बढिरहेको छ। १७ उपसमूह गठन गरी मासिक २५ रुपैयाँ बचत गर्ने काम पनि भइरहेको छ। बचतको पैसाले सिलाइकटाइको मेसिन चारवटा किनेर २९ जना महिलाले तालिम लिइरहेका छन्। गएको वर्ष चार महिना प्रौढ शिक्षा सञ्चालन गरेको अध्यक्ष राधा घिमिरेले बताइन् ।

सुनसरीमा एक सय ९८ वटा सहकारी संस्था छन्। तीमध्ये ३५ वटा महिलाले मात्र सञ्चालन गर्दै आएका छन्। जसमा पशुपालनसम्बन्धी २, कृषिसम्बन्धी ५, बचत तथा ऋण १२, बहुउद्देश्यीय १६ रहेको सहकारी डिभिजन कार्यालय सुनसरीले जनाएको छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# फेरिनुपर्छ अबका खेलौना

*जन्मेदेखि नै महिलालाई कमजोर पार्ने धेरै कारण छन् । यसमध्येको एउटा उनीहरूलाई दिइने खेलौना पनि हो । छोरीलाई गुडिया होइन बन्दुक र गाडी दिएर हेरौँ, भोलि उनीहरू साँच्चिकै बन्दुक, गाडी बनाउन सक्ने हुन्छन् ।*

✍ **शान्तिबन्दना पौडेल**

**म्याग्दी**/ बेनीबजारकी शीतललाई उनका मामा-माइजूले सेतो खरायो (गुडिया) ल्याइदिए । भाइ सागरलाई भने गाडी (खेलौना) दिए । मामा-माइजूको कोसेली सम्हाल्दै दिदी भित्र कोठामा छिरिन् भने भाइ भने बाहिर निस्क्यो । यही खेलौनाबाट छोरी भित्र छिर्ने र छोरा बाहिर निस्कने क्रम सुरु भयो । उमेरले १५ महिनाको मात्र फरक भए पनि उनीहरूको खेलौनाले महिला र पुरुषको विभेद प्रारम्भ गरिसकेको थियो ।

खेलौना किन्दा छोरी र छोराका लागि फरक-फरक खोजी गरिन्छ । छोराका लागि गाडी, बन्दुक, घरजस्ता सामान किन्ने चलन छ । जुन वस्तुहरू बाहिर खेल्ने तथा बनोट पनि वैज्ञानिक किसिमको हुन्छ । ती वस्तुहरू खेलाउनाले शरीर बलियो बनाउने वा बनावट खोज्न तल्लीन गराउँछ । ती वस्तु खेलाउँदादेखि नै सुरु हुन्छ छोराको शारीरिक र मानसिक अभ्यास ।

छोरीका लागि खेलौनाका रूपमा पुतली, टोकरी, कपडाको फूल, हातखुट्टामा लगाउने गहना आदि सामान किनिन्छ । यी सामग्रीहरूले भित्रै खेल्ने र केही क्षण भुलाउँछन् मात्रै । एक्सन एड नेपाल म्याग्दीकी कार्यक्रम संयोजक थमकुमारी कुँवर भन्छिन्, 'खेलौनाले नै शीतललाई घरभित्र सीमित पार्‍यो भने सागरलाई खुल्ला आकाशमा पुर्‍यायो ।'

जन्मनासाथ कुनै पनि बच्चाले आफू छोरो हो कि छोरी जानेको हुँदैन । समाजमा आफ्नो भूमिका के हुन्छ भन्ने बुझेको पनि हुँदैन । के गर्न हुन्छ के हुँदैन उसलाई अत्तोपत्तो हुँदैन । लिटिल गार्डेन एकेडेमीका प्रिन्सिपल बालकृष्ण सुवेदी भन्छन्, 'जब छोरा र छोरीलाई फरक-फरक खेलौना दिइन्छ, त्यसपछि उनीहरू आफूमा केही भिन्नता भएको महसुस गर्न थाल्छन् ।'

खेलौनाले बच्चा हुर्काउनमा सहयोग गर्छ । रोएको बेला फुल्याउन, बोल्न, हिँड्न र खेल्न सिकाउन खेलौनाले मद्दत गर्छ । यतिमात्र होइन, उनीहरूको भोलिको व्यक्तित्व निर्धारणमा पनि खेलौनाको हात रहन्छ । सुवेदी भन्छन्, 'बच्चा भोलि कस्तो बन्छ भन्ने कुरा उसलाई दिइने खेलौनामा पनि केही हदसम्म निर्भर रहन्छ ।'

> *वृद्धा जगतमाया आफ्नो बाल्यकाल सम्झँदै भन्छिन्, 'सानो छँदा हामी टालाटुली बटुल्थ्यौं । पुतली बनाउँथ्यौं । मकैको खोइलाबाट घर बनाउँथ्यौं । पुतलीलाई त्यो घरकी बुहारी बनाउँथ्यौं । काठ र ढुङ्गाको ढिकी-जाँतो बनाउँथ्यौं र खेल्थ्यौं ।' जगतमायाका दाजुभाइ भने पुतली खेलमा सहभागी हुँदैनथे । उनी थप्छिन्, 'दाजुहरू लट्ठी लिएर गाउँ-गाउँ डुल्थे ।*

छोराका लागि दिइने खेलौना कडा र वैज्ञानिक हुन्छन् । गाडी, बन्दुकजस्ता सामान खेलाउँदाखेलाउँदै बिग्रिएमा उनीहरू त्यसलाई सपार्ने कोसिस गर्छन् । यसबाट उनीहरूमा 'यी सामान कसरी बन्छन्' भन्ने जिज्ञासा पलाउँछ । मिलन म्याग्दीकी अध्यक्ष दुर्गा कार्की भन्छिन्, 'खेलौनाले छोराहरूलाई विज्ञान र प्रविधितिर आकर्षित गर्छ ।'

छोरीहरूका खेलौना टोकरी, पुतलीजस्ता सामग्री बिग्रे, फुटे भने सपार्ने तत्परता देखाए पनि त्यसबाट उनीहरूको विज्ञान र प्रविधितिर ध्यान जाँदैन । बरु उनीहरूमा त्यस्तै सुन्दर सामान बनाउने रहर पलाएर आउँछ । कार्की भन्छिन्, 'यसरी छोरीलाई घरभित्रै र छोरालाई घरबाहिर पुर्‍याउन खेलौनाले ठूलो भूमिका खेलेको हुन्छ ।'

वृद्धा जगतमाया आफ्नो बाल्यकाल सम्झँदै भन्छिन्, 'सानो छँदा हामी टालाटुली बटुल्थ्यौं । पुतली बनाउँथ्यौं । मकैको खोइलाबाट घर बनाउँथ्यौं । पुतलीलाई त्यो घरकी बुहारी बनाउँथ्यौं । काठ र ढुङ्गाको ढिकी-जाँतो बनाउँथ्यौं र खेल्थ्यौं ।'

*महिला कमजोर र कोमल हुन्छन् भन्ने मानसिकता पाइन्छ । ठूला-ठूला आविष्कार गर्न सक्दैनन्, जटिल काम गर्न डराउँछन् भनिन्छ । शिक्षिका ज्ञवाली भन्छिन्, 'यस्तो किन हुन्छ बुझ्न खोज्दैनौं ।' यदि छोरालाई पनि घरभित्रै मात्र सीमित गर्ने हो र विज्ञानप्रविधिबाट टाढा राख्ने हो भने उनीहरूले पनि आविष्कार गर्न पक्कै सक्दैनन् ।*

जगतमायाका दाजुभाइ भने पुतली खेलमा सहभागी हुँदैनथे । उनी थप्छिन्, 'दाजुहरू लट्ठी लिएर गाउँ-गाउँ डुल्थे । मोजामा कागज कोचेर भकुण्डो बनाउँथे । कहिले-कहिले त त्यही भकुण्डोले हिर्काएर हामीले बनाएको खोइलाको घर भत्काइदिन्थे । अनि हामी रुन्थ्यौं ।'

हुन त जगतमायाको बाल्यकालका खेलौनाहरू अहिलेका बालबालिकाले खेलाउँदैनन् । समयसँगै खेलौना पनि फेरिएका छन् । तर, अहिले पनि मानसिकता बदलिएको छैन । जतिसुकै आधुनिक व्यक्ति र परिवारमा पनि छोराछोरीलाई दिइने खेलौनामा विभेद कायमै छ ।

पहिलेजस्तै छोरी बाहिर जानैहुन्न भन्ने त अहिले छैन । छोरीहरू पनि छोरासमान हुन् भन्ने धेरैले बुझिसकेका छन् । छोरी पनि डाक्टर, वैज्ञानिक, इन्जिनियर बनोस् भन्ने धेरै आमाबाबुले सोच्न थालेका छन् । शिक्षिका शान्ति ज्ञवाली भन्छिन्, 'खेलौनाले बालबच्चाको व्यक्तित्व विकासमा असर पार्छ भन्ने थाहा नभएर यस्तो भएको हो । पहिलेदेखि चलेको संस्कारको छाप मेटाउनुपर्छ ।'

छोरा र छोरीको व्यक्तित्वको समान विकास गर्ने हो भने उनीहरूलाई दिइने खेलौनामा पनि समानता हुनुपर्छ । कुँवर भन्छिन्, 'छोरा र छोरीलाई हुर्काउने तरिका एउटै हुने हो भने छोरी पनि हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न तत्पर हुन्छन् ।' छोरीलाई पुरानो संस्कारमै बाँधिराख्न दबाब दिने खालका खेलौनाहरूको सामूहिक वहिष्कार गर्नुपर्ने कुँवरको माग छ । भन्छिन्, 'खेलौना दिँदा हामीले लिङ्गलाई होइन, उनीहरूको उमेरलाई ध्यान दिनुपर्छ ।' बच्चाको उमेरअनुसारको मानसिक विकासमा सहयोग गर्ने खालका खेलौना दिनुपर्नेमा शिक्षिका ज्ञवालीको पनि सहमति छ ।

खेलौनामा देखिएको लैङ्गिक विभेद अन्त्य गर्ने अर्को उपाय पनि छ । कार्की भन्छिन्, 'खेलौना उत्पादन गर्ने कम्पनीले नै लिङ्गअनुसार छुट्टाछुट्टै खेलौना नबनाई एउटै खालका खेलौना बनाउनुपर्छ ।' यो छोराका लागि अनि यो छोरीका लागि भन्ने हुनुहुँदैन । कार्की भन्छिन्, 'खेलौना धेरै खालका हुन सक्छन् । तर, त्यसमा छोराछोरीका लागि भिन्दाभिन्दै देखिनुभएन ।'

महिला कमजोर र कोमल हुन्छन् भन्ने मानसिकता पाइन्छ । ठूला-ठूला आविष्कार गर्न सक्दैनन्, जटिल काम गर्न डराउँछन् भनिन्छ । शिक्षिका ज्ञवाली भन्छिन्, 'यस्तो किन हुन्छ बुझ्न खोज्दैनौं ।' यदि छोरालाई पनि घरभित्रै मात्र सीमित गर्ने हो र विज्ञानप्रविधिबाट टाढा राख्ने हो भने उनीहरूले पनि आविष्कार गर्न पक्कै सक्दैनन् ।

महिला आफैंमा कमजोर हुँदैनन् । बरु उनीहरूलाई कमजोर बनाइएको हो भन्छिन् मिलन म्याग्दीकी अध्यक्ष कार्की । जन्मेदेखि नै महिलालाई कमजोर पार्न धेरै उपाय गरिन्छन् । यस्ता धेरै उपायमध्येको एउटा उनीहरूलाई दिइने खेलौना हो । उनी भन्छिन्, 'छोरीलाई पनि गुडिया होइन बन्दुक, गाडी र घरजस्ता खेलौना दिएर हेरौं, भोलि उनीहरू साँच्चिकै बन्दुक, गाडी र घर बनाउन सक्षम हुनेछन् ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९/५५४६७१५
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@gmail.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह